५. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ ।
६. सामुदायिक बिद्यालयमा संचालित दिवाखाजा कार्यक्रमलाई साझेदार संस्था बिश्व खाद्यसंगको सहकार्यमा प्रभावकारी रुपमा संचालन गरिनेछ।
७. पालिका भित्र रहेका सामुदायिक बिद्यालयहरुमा आगामी आर्थिक बर्ष ०८१/०८२ बाट कक्षा ३ सम्म अग्रेजी माध्यम्मा पठनपाठन गरिनेछ ।

**स्वास्थ्य सम्बन्धी नीति**:

८. साईपाल गाउँपालिकामा स्थापित नागरिक आरोग्यता केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी द्धारा नागरिक आरोग्यता प्रबर्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे बिद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ ।
९. सार्वजनिक स्थलमा धुम्रपा गर्न निषेध गर्ने ब्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने कार्यलाई प्रभाकारी गरिनेछ।
१०. गाउँ क्षेत्रभित्र रहेका सबै प्रकारका स्वास्थ्य संस्थाहरुको अभिलेख ब्यवस्थित गरिनेछ ।
११. एक घर एक फिल्टर सफा स्वच्छ गाउँघर भन्ने नारालाई साकार पार्न यस बर्ष एक घर एक फिल्टर कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१२. कुपोषण मुक्त र पोषण युक्त वडालाई पुरस्कृत गरिनेछ।
१३. सुत्केरी तथा गर्ववती महिलालाई अन्डा र झण्डा कार्यक्रम लागु गरिनेछ ।
१४. आयुर्बेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।

**पूर्वाधार बिकास सम्बन्धी नीति :**

१५. आगामी आर्थिक वर्षभित्रमा गाउँक्षेत्रभित्र रहेका बाटा घाटा, ढल, खानेपानी पाइपलाइन, बिजुली बत्ति, लगायतका सबै भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मत गरिनेछ ।
१६. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्रथामिकता दिइनेछ ।

५४. साईपाल गाउँपालिकामा उत्पादन हुने घरेलु तथा भिर माहुरीको महलाई संलन गरि निर्यातको ब्यवस्था गरिनेछ।

५५. सार्बजनिक निकायमा संचालन हुने बैठक सभा गोष्ठी जस्ता कार्यहरुमा स्थानीय स्तरमा उत्पादन अन्न बालीको अनिवार्य रुपमा खाजाको प्रयोग गरिनेछ।

**पशु स्वास्थ्य सम्बन्धी नीति :**

५६. पशुपालनलाई ब्यबस्थित गर्न पशुजन्य ब्यवसायको अभिलेखीकरण र पशुपन्छी दर्ता गर्ने कार्यको शुरुवात गरिनेछ ।

५७. घरपालुवा, रोगी, घाइते पशुपन्छीहरुलाई उपचार गर्ने तथा बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सामाजिक विकाससँग सम्बन्धी नीति :**

५८. गाउँबासीहरुलाई सीपमूलक तालिम दिई आय आर्जन सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ । महिलाले संचालन गर्ने ब्यवसायका लागि सहकारी गठन, बीउपूँजी र ब्यबस्थापन तालिम प्रदान गर्ने ब्यवस्था मिलाइनेछ ।

५९. महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय तथा कानुनी सारक्षता र शसक्तिकरणका कार्यक्रमहरु वडातहबाट समेत संचालन गरिनेछ ।

६०. बाबुआमा बिहिन बालबालिकाको संरक्षणका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ ।

६१. बिपन्न, दलित, आदिबासी र अपाङ्गता भएका गाउँबासीहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

६२. ५० वर्ष देखी ६८ वर्ष उमेर समुहका एकल पुरुषहरुलाई प्रदान गर्दै आएको सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ।

६३. ६८ बर्ष नाघेका ज्येष्ठ नागरिकहरुको घरमा गई स्वास्थ्य परीक्षण गर्ने ब्यबस्था मिलाइनेछ ।६८ बर्ष नाघेका ज्येष्ठ नागरिहरुलाई साईपाल गाउँपालिकाका वडा कार्यालयहरुसँग समन्वय गरी नेपाल सरकारले तोकेका औषधीहरु निःशुल्क उपलब्ध गराउन आवश्यक समन्वय गरिनेछ ।

